नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## प्रेस विज्ञप्ति

नेपालको संविधान बमोजिम प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तह समेत गरी जम्मा ५२ पदमा पूर्व निर्धारित कार्यक्रम बमोजिम आज २०७६ मंसीर १४ गते उप-निर्वाचन सम्पन्न भएको छ । यस उप-निर्वाचनमा मतदाताहरुको अत्यन्त उत्साहजनक सहभागिता रहेको र छिटपुट घटना बाहेक मतदान कार्य शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

यस उप-निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सफलतापूर्वक सम्पन्न गराउने राष्ट्रिय अभिभारा बोध गर्दै मजबुत सुरक्षाको आधार प्रदान गर्ने उद्देश्य सहित उप-निर्वाचन सुरक्षा योजना निर्माण गरी मतदान कार्यमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन राज्यका सबै सुरक्षा अंगहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिएको थियो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतका सुरक्षाकर्मीहरु परिचालन गरी सुरक्षाका निरोधात्मक र प्रतिरोधात्मक कारबाहीहरु मार्फत सुरक्षाको प्रत्याभूति गरी तत् तत् क्षेत्रका जनतालाई शान्तिपूर्ण रुपमा मतदान गर्न पाउने वातावरण सुनिश्चित गर्न गृह प्रशासन क्रियाशील रहेको थियो । यस क्रममा उप-निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सबै सुरक्षा निकायका सुरक्षाकर्मीहरुको कार्यसम्पादन प्रशंसनीय रह्यो ।

मतदान सकिए पछि मतदान केन्द्र देखि मतगणनास्थल सम्म मतपेटिका ढुवानी गर्न सुरक्षाको भरपर्दो व्यवस्थाका साथै उप-निर्वाचन सम्पन्न भएका जिल्लाहरुमा हुने मतगणनास्थलको भरपर्दो सुरक्षा व्यवस्था समेत मिलाइएको छ ।

यस उप-निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन प्रत्यक्ष र परोक्ष रुपमा योगदान पुऱ्याउने सम्बन्धित निर्वाचन क्षेत्रका सम्पूर्ण दिदी बहिनी, दाजुभाई, राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी, पर्यवेक्षक लगायत सबैमा गृह मन्त्रालय हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

मितिः २०७६।०८।१४

केदारनाथ शर्मा
सह सचिव/प्रवक्ता